नेपाल सरकार

# चिकित्सा शिक्षा आयोग

☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np

सानोठिमी, भक्तपुर ।

पत्र संख्या :- ०८०/०८१
चलानी नं. :- ३६३

मिति : २०८०/११/८

विषय: निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री नेपाल स्वास्थ्य व्यवसायी परिषद,बाँसवारी, काठमाडौं ।

प्रस्तुत विषयमा नेपाल स्वास्थ्य व्यवसायी परिषदको शिक्षण संस्थाको अनुगमन गर्ने व्यहोराको सार्वजनिक सुचनाका सम्बन्धमा यस आयोगको कार्यकारी समितिको मिति २०८०।११।०८ गते वसेको बैठकले देहाय बमोजिमको निर्णय गरेकोले कार्यान्वयनको लागि पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध छ।

रुद्र प्रसाद रेग्मी
उपसचिव

**देहाय**

निर्णयको व्यहोराः

" नेपाल स्वास्थ्य व्यवसायी परिषद,बाँसवारी, काठमाडौंले मिति २०८०/१०/२९ गतेको कान्तिपुर दैनिक पत्रिकामा सार्वजनिक सूचना जारी गरी शिक्षण संस्थाहरूको पूर्वाधार तथा शिक्षण सिकाइ सम्बन्धी पक्षहरूको अनुगमन गरी अनुगमन समितिको सिफारिश सहित प्रतिवेदन चिकित्सा शिक्षा आयोगमा पेश गरिने हुँदा तोकिएको अनुगमन शुल्क समयमा नै बुझाउन सूचित गरिन्छ भन्ने व्यहोराको सूचनाप्रति यस आयोगको गम्भीर ध्यानाकर्षण भएको छ।

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १७ को उपदफा (१) मा आयोगले प्रत्येक वर्ष तोकिए बमोजिमको मापदण्डका आधारमा विश्वविद्यालय, प्रतिष्ठान तथा अन्य शिक्षण संस्थाका लागि निश्चित सिट संख्या तोक्नेछ भन्ने व्यवस्था रहेको र राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम ४१ को उपनियम (१) मा आयोगको कार्यकारी समितिले चिकित्सा शिक्षाका कार्यक्रम सञ्चालन गर्ने विश्वविद्यालय, प्रतिष्ठान र शिक्षण संस्थाको प्रशासनिक र प्राविधिक लगायतका विषयमा अनुगमन गर्न वा गराउन सक्नेछ भन्ने व्यवस्था रहेको एवम् चिकित्सा शिक्षाप्रदान गर्ने शिक्षण संस्थाको गुणस्तर मूल्यांकन तथा सिट निर्धारण सम्बन्धी कार्यविधि २०७९, र आशयपत्र, सम्बन्धन तथा प्रत्यायन सम्बन्धी आन्तरिक कार्यविधि, २०७८ समेत आयोगबाट स्वीकृत भई कार्यान्वयनमा रहेको छ । विषयगत काउन्सिलका विज्ञ समेत समावेश गरी चिकित्सा शिक्षा आयोग मार्फत नै शिक्षण संस्थाहरुको अनुगमन गर्नका लागि यस आयोगको मापदण्ड तथा

(१) क्रमशः

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग

☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :- ०८०।०८१
चलानी नं. :- ३६३

प्रत्यायन निर्देशनालयको च.नं.११३, मिति २०८०/०१/२७ गतेको पत्रद्वारा विषयगत विज्ञहरुको नामावलीको सूचि समेत माग गरिसकिएको छ। सो नामावली प्राप्त भएपछि तहाँ परिषदका विज्ञसमेत परिचालन गरि आयोग मार्फत अनुगमन कार्य हुने नै छ।

साथै राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५, को दफा ५३ मा विश्वविद्यालय, प्रतिष्ठान तथा सम्बन्धित विषयगत काउन्सिलसँग सम्बन्धित प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिएको विषयमा यसै ऐनबमोजिम हुनेछ भन्ने स्पष्ट व्यवस्था भएको हुँदा आयोगको कार्यक्षेत्रमा परेको विषयमा प्रचलित कानूनको अवज्ञा हुने गरी तहाँ परिषदले समेत शिक्षण संस्थाबाट शुल्क लिई अनुगमन गर्ने कार्य उल्लेखित ऐन, नियमावली र कार्यविधिको प्रतिकूल हुने व्यहोरा नेपाल स्वास्थ्य व्यवसायी परिषद,बाँसवारी, काठमाडौंलाई लेखि पठाउने। "

(उपसचिव)